# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ९ सङ्ख्या : ५ मिति : २०८२/०४/२४

## भाग-२

## हतुवागढी गाउँपालिका

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०८२/०४/२४

# युवा लक्षित अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ दोस्रो संशोधन २०८२

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम **"हतुवागढी गाउँपालिकाको पशुपन्छी तथा मत्स्यपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत "युवा लक्षित अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९"** रहने छ।

ख. यो कार्यविधि हतुवागढी गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ।

ग. यो कार्यविधि स्थानीय सरकार हतुवागढी गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय अथवा प्रसङ्ग अर्को अर्थ नलागेमा यस कार्यविधिमा।

क. **"गाउँपालिका"** भन्नाले हतुवागढी गाउँपालिका सम्झनु पर्छ।

ख. **"कार्यपालिका"** भन्नाले हतुवागढी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

ग. **"शाखा"** भन्नाले हतुवागढी गाउँपालिकाको पशुपन्छी सेवा शाखा सम्झनु पर्छ।

घ. **"अध्यक्ष"** भन्नाले हतुवागढी गाउँपालिकाको अध्यक्षलाई जनाउने छ।

ङ. **"उपाध्यक्ष"** भन्नाले हतुवागढी गाउँपालिकाको उपाध्यक्षलाई जनाउने छ।

च. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले हतुवागढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

छ. **"शाखा प्रमुख"** भन्नाले हतुवागढी गाउँपालिकाको पशुपन्छी सेवा शाखाको प्रमुखलाई जनाउने छ।

ज. **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको परिच्छेद-२ को दफा ५ को उपदफा "१" बमोजिम गठन भएको मूल्याङ्न समितिलाई जनाउने छ।

झ. **"पशुपन्छी उत्पादन"** भन्नाले दुध, फुल, माछा, ऊन, पश्मिना, हाड, छाला र यिनिहरुबाट बनेका वस्तुहरुलाई समेत जनाउँछ।

३. **उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

क. गाउँपालिकाबाट सञ्चालन हुने पशुपन्छी पालनसँग सम्बन्धित अनुदान कार्यक्रमहरु र मागमा आधारित कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य र अपेक्षित प्रतिफलमुखी बनाउने।

ख. पशुपन्छी पालन व्यवसायलाई व्यवसाय उन्मुख, दिगो, मर्यादित, प्रतिस्पर्धी एवम् उत्पादन मुलक बनाउने।

ग. सेवा प्रवाहको प्रक्रियालाई सरल, सजिलो, निष्पक्ष र प्रणालीयुक्त बनाउने।

घ. निर्वाहमुखी कृषकलाई व्यवसायिकिरण तर्फ अभिप्रेरित गराउने।

ङ. पशुपन्छी तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा टेवा पुर्याउने।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

४. **लक्षित वर्ग र क्षेत्रः**

(१) कार्यक्रमको प्रकृति तथा स्थानीय सम्भावना र आवश्यकताको आधारमा अनुदान कार्यक्रममा समेटिने कृषक, समुह, समिति, सहकारी, फर्म, संस्था, कम्पनी, निजी उद्यमी, व्यवसायी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी कार्यक्रम सञ्चालन गरिने छ।

(२) कार्यक्रम स्थान तोकिएको अवस्थमा सोहि बमोजिम र स्थान नतोकिएको अवस्थामा कार्यक्रमको प्रकृति, स्थानीय आवश्यकता, सम्भावना र आवेदकहरुले पेश गरेको प्रस्तावनाहरुको नियमानुसार प्राथमिकताको आधारमा गाउँपालिका भित्रका उपयुक्त स्थानको पहिचान गरी कार्यक्रम सञ्चालन गरिने छ।

(३) कार्यक्रममा पशुपन्छी तथा मत्स्यपालन व्यवसायमा संलग्न १८-५५ वर्षसम्मका कृषकहरुलाई परिच्छेद-३ अन्तर्गतका अनुदान कार्यक्रमहरुमा सहभागी गराईने छ।

५. **कार्यक्रम कार्यान्वयन समितिः**

(१) पशुपन्छी तथा मत्स्यपालन सम्बन्धी कार्यक्रम सञ्चालनको लागि पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहने छ।

**तपसिलः**

| | |
|---|---|
| क. आर्थिक विकास शाखा संयोजक | संयोजक |
| ख. पशुपन्छी सेवा शाखा प्रमुख | सदस्य |
| ग. कार्यक्रम हेर्ने फोकल पर्शन | सदस्य सचिव |

(२) कार्यक्रम कार्यान्वयन मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः (मूल्याङ्कन समितिले आवश्यक ठहर्याएको खण्डमा बढीमा ३ जना सम्म विज्ञलाई मूल्याङ्कन प्रक्रियामा आमन्त्रण गर्न सक्नेछ।)

(क) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले आवश्यक ठानेमा रित पूर्वक पेश हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट सहितको सूचि पेश गर्नका लागि कर्मचारीलाई जिम्मेवारी दिन सक्नेछ।

(ख) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक कर्मचारी परिचालन गरअनुसूची-९ गरी बमोजिमको स्थलगत प्रमाणिकरण गर्नेछ।

(ग) स्थलगत प्रमाणिकरण तथा प्रस्ताव मूल्याङ्कन सिमितिले अनुसूची-९ बमोजिमको प्रस्तावहरुको मूल्याङ्कन गरी प्राथमिकिरण सहितको सूची स्वीकृतका लागि कार्यालय प्रमुख समक्ष पेश गर्नेछ।

(घ) सम्बन्धित कार्यालय प्रमुखको स्वीकृती पश्चात छनौट भएका र वैकल्पिक छनौटमा परेका प्रास्तावहरुको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकि समबन्धित कार्यालयको सूचना पाटिमा सूचना टाँस गरिने छ।

(ङ)सम्झौता अनुसार सम्पादित कार्यको अनुगमन गरी कार्य प्रगति सम्झौता अनुसार रहेमा रकम भुक्तानीका लागि सिफारिस गर्ने र सम्झौता अनुसार कार्य भएको नपाईएमा वा अनुदानको दुरुपयोग भएको अवस्थामा अनुदान रोक्का वा सम्झौता रद्द गर्न सिफारिस गरिने छ।

(च)सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन पृष्ठपोषण र समीक्षा मुल्याङ्कन समितिले गर्नेछ ।

६. **कार्यक्रम सञ्चालन प्रक्रियाः**

१. गाउँपालिकाको कार्यालयले वार्षिक निति तथा कार्यक्रममा समावेश गरी बजेट प्रस्ताव गर्ने छ।

२. कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा १ (एक) वर्षको लागि सञ्चालन गर्न सकिने आयोजनाका लागि बजेट प्रस्ताव गरिनेछ।

३. सम्बन्धित कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुसूची-१ र मागमा आधारित कार्यक्रमको लागि अनुसूची-२ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ।

४. सूचनामा उल्लेख भए बमोजिम कार्यक्रम सञ्चानको लागि उपयुक्त र ईच्छुक आवेदकहरुले अनुसूची-३ को आवेदन र मागमा आधारित कार्यक्रमको लागि अनुसूची-४ बमोजिमको आवेदन, अनुसूची-५ बमोजिमको मौजुदा विवरण, अनुसूची-६ बमोजिम व्यवसायिक योजना, अनुसूची-७ बमोजिम स्वघोषणा पत्र, अनुसूची-८ बोजिम वडा कार्यालयको सिफारिस पत्रका साथै सूचनामा माग भए बमोजिमका र अन्य सान्दर्भिक कागजातहरु संलग्न राखी निर्धारित समयावधि भित्र पशुपन्छी सेवा शाखामा आवेदन दर्ता गर्नुपर्ने छ।

५. उपदफा (३) बमोजिम सूचनाको आधारमा निर्धारित समयावधि भित्र प्रयाप्त प्रस्ताव दर्ता हुन नआएमा सम्बन्धित कार्यालयले नियम अनुसार म्याद थपको सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ।

६. रित नपुगी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन।

७. कार्यक्रमको लक्ष्य अनुसार छनौट भएका आवेदकहरुसँग अनुसूची-१० बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गरिने छ।

## परिच्छेद-३
## कार्यक्रम र प्राविधिक पक्ष

७. **अनुदानका कार्यक्रमहरुः**

**१. व्यवसायिक बाख्रा प्रवर्द्धन कार्यक्रमः**

**(क)सहभागी मापदण्डः**

- नियम अनुसार दर्ता भई करचुक्ता/नविकरण भएको फर्म/समुह।
- निजी व्यवसायिक बाख्रा फर्म कम्तीमा २० वटा प्रजनन योग्य माउ पालन गरेको फर्म।
- समुहमा न्युनतम १० घरधुरी आबद्ध भएका र प्रति घरदुरी कम्तीमा ५ वटा प्रजनन योग्य माउ बाख्रा पालन गरेको वा सो संख्यामा पालन गरी व्यवसाय गरि रहेको समुह।

**(ख) सञ्चालन हुने क्षेत्रहरुः**

- कार्यालयबाट स्वीकृत भएका कार्यक्रमहरु हतुवागढी गाउँपालिका क्षेत्र भित्र सञ्चालन गर्न सकिनेछ।

**(ग) सञ्चालन अवधिः**

- सम्झौता बमोजिम सञ्चालन हुनेछ।

**(घ) क्रियाकलापहरुः**

- यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।
    १. प्रजनन योग्य उन्नत जातको बोका/बाख्रा खरिद तथा ढुवानी

**(ङ) प्राविधिक पक्षः**

- प्रस्ताव पेश गर्दा तोकिएको अनुसूचीहरुको विवरण फारम भरी पेश गर्नुपर्ने छ।
- उन्नत जातको प्रजनन योग्य न्युनतम १० महिना उमेर पुगेको बोका र ८ महिना उमेर पुगेको बाख्रा खरिद गर्नुपर्ने।
- दर्ता भएका फर्मबाट खरिद कार्य गर्नुपर्ने।
- खरिद गरेको ठाउँको स्थानीय तहको वडा कार्यालयको सिफारिस पत्र र सिफारिस पत्रमा उमेर, जात र जीवित तौल खुलेको हुनुपर्ने।
- तोकिएको खोप लगाएको हुनुपर्ने।

**(च) आर्थिक पक्षः**

- अनुदान रकम ५० प्रतिशत (अधिकतम रकम विनियोजित बजेट अनुसार) मात्र प्राप्त हुनेछ।
- पशु ढुवानीमा अधिकतम प्रति गोटा रु ३,०००/- (तीन हजार हजार) खर्च गर्न सकिने छ।
- स्थलगत अनुगमन, प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुनेछ।

**२. व्यवसायिक बंगुर प्रवर्द्धन कार्यक्रमः**

**२.१. मासु उत्पादनः**

**(क)सहभागी मापदण्डः**

- नियम अनुसार दर्ता भई करचुक्ता/नविकरण भएको फर्म/समुह।
- निजी व्यवसायिक फर्म मासु उत्पादनको लागि कम्तीमा ५ वटा बंगुर पालन गरेको फर्म।
- समुहमा न्युनतम १० घरधुरी आबद्ध भएका र प्रति घरधुरी कम्तीमा १ वटा बंगुर पालन गरेको वा सो संख्यामा पालन गरि व्यवसाय गरिरहेको समुह।
- उक्त समुह एउटै टोल भित्र रहेको हुनुपर्ने छ।

**(ख) सञ्चालन हुने क्षेत्रः**

- कार्यालयबाट स्वीकृत भएका कार्यक्रमहरु हतुवागढी गाउँपालिका क्षेत्र भित्र सञ्चालन गरिनेछ।

**(ग) कार्यक्रम संचालन अवधिः**

- सम्झौता बमोजिम सञ्चालन हुनेछ।

**(घ) क्रियालापहरुः**

यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

१. उन्नत जातका बंगुरको पाठापाठी खरिद तथा ढुवानी
२. गोठ/खोर निर्माण, सुधार,



हतुवागढी राजपत्र

३. जैविक सुरक्षा सम्बन्धी कार्यहरु,
४. आवश्यक उपकरण खरिद,

**(ङ) प्राविधिक पक्षः**

- प्रस्ताव पेश गर्दा तोकिएको अनुसूचीहरुको विवरण फारम भरी पेश गर्नुपर्ने छ।
- उन्नत जातका ४५ दिन उमेर पुगेको बंगुर पाठापाठी खरिद गर्नुपर्ने।
- दर्ता भएका फर्म तथा व्यक्तीबाट खरिद कार्य गर्नुपर्ने।
- व्यक्तीबाट खरिद गर्दा नियम अनुसार खरिद विक्री नगदी भर्पाई तथा फर्मबाट खरिद गरिएमा फर्मको बिल साट्ठै भर्पाई/बिलमा उमेर र जात उल्लेख गर्नुपर्ने।
- गोठ/खोर निर्माण,सुधारको लागि प्राविधिक र कृषक/समुह/फर्मको समन्वयमा तयार भएको लगत अनुमान अनुसार तथा जैविक सुरक्षा सम्बन्धीकार्यहरु र आवश्यक उपकरण खरिद गर्दा दर्ता भएका पसलबाट गर्नुपर्ने छ।
- तोकिएको खोप लगाएको हुनुपर्ने।

**(च) आर्थिक पक्षः**

- अनुदान रकम ५० प्रतिशत (अधिकतम रकम विनियोजित बजेट अनुसार) मात्र प्राप्त हुनेछ।
- पशु ढुवानीमा अधिकतम स्थान अनुसार प्रति गोटा रु ३०००/- (तीन हजार) खर्च गर्न सकिने छ।
- स्थलगत अनुगमन, प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुनेछ।

**२.२. पाठापाठी उत्पादनः**

**क. सहभागी मापदण्डः**

- नियम अनुसार दर्ता भई करचुक्ता/नविकरण भएको फर्म/समुह।
- निजी व्यवसायिक फर्म कम्तीमा ५ वटा माथि प्रजनन योग्य माउ बंगुर पालन गरेको फर्म।
- समुहमा न्युनतम १० घरधुरी आबद्ध भएका र प्रति घरधुरी कम्तीमा १ वटा प्रजनन योग्य माउ बंगुर पालन गरेको वा सो संख्यामा पालन गरि व्यवसाय गरिरहेको समुह।
- उक्त समुह एउटै टोल भित्र रहेको हुनुपर्ने छ।

**ख. सञ्चालन हुने क्षेत्रः**

- कार्यालयबाट स्वीकृत भएका कार्यक्रमहरु हतुवागढी गाउँपालिका क्षेत्र भित्र सञ्चालन गरिनेछ।

**ग. कार्यक्रम संचालन अवधिः**

- सम्झौता बमोजिम सञ्चालन हुनेछ।

**घ. क्रियालापहरुः**

यो कार्यक्रममा अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

- ब्रिडिङ्गका लागि उच्च प्रजनन मान भएका बंगुरको पाठापाठी खरिद तथा ढुवानी,
- फर्मको जैविक सुरक्षा।

हतुवागढी राजपत्र

**ङ. प्राविधिक पक्षः**

- प्रस्ताव पेश गर्दा तोकिएको अनुसूचीहरुको विवरण फारम भरी पेश गर्नुपर्ने छ।
- उन्नत जातको प्रजनन योग्य न्युनतम ४५ दिन उमेर पुगेको पाठापाठी खरिद गर्नुपर्ने।
- दर्ता भएका फर्म र व्यक्तिबाट खरिद कार्य गर्नुपर्ने।
- व्यक्तीबाट खरिद गर्दा नियम अनुसार खरिद बिक्री नगदी भर्पाई तथा फर्मबाट खरिद गरिएमा फर्मको बिल साथै भर्पाई/बिलमा उमेर र जात उल्लेख गर्नुपर्ने।
- तोकिएको खोप लगाएको हुनुपर्ने।

**च. आर्थिक पक्षः**

- अनुदान रकम ५० प्रतिशत (अधिकतम रकम विनियोजित बजेट अनुसार) मात्र प्राप्त हुनेछ।
- पशु ढुवानीमा अधिकतम प्रति गोटा रु १५००/- (एक हजार पाँच) खर्च गर्न सकिने छ।
- स्थलगत अनुगमन, प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुनेछ।

**३. दुध उत्पादनका लागि ५० प्रतिशत लागत साझेदारीमा (गाई/भैसी) पशुपालन कार्यक्रमः**

**(क)सहभागी मापदण्डः**

- फर्म/समुह/व्यक्ती।
- दर्ता फर्मको हकमा करचुक्ता/नविकरण भएको।
- फर्म दर्ता नगरेको हकमा एक वा सो भन्दा बढी गाई/भैसी पालन गरी रहेको कृषक।

**(ख) सञ्चालन हुने क्षेत्रः**

- दुध उत्पादन तथा बजारीकरणको सम्भावना रहेका हतुवागढी गाउँपालिकाका क्षेत्र।

**(ग) कार्यक्रम संचालन अवधिः**

- सम्झौता बमोजिम सञ्चालन हुनेछ।

**(घ) क्रियाकलापहरुः**

**अनिवार्यः**

- उन्नत जातका गाई भैसी खरिद तथा ढुवानी,

**सो बाहेकः**

- भकारो सुधार,
- आवश्यक उपकरण खरिद,

**(ङ) प्राविधिक पक्षः**

- प्रस्ताव पेश गर्दा तोकिएको अनुसूचीहरुको विवरण फारम भरी पेश गर्नुपर्ने छ।
- दुध उत्पादन, दुग्धजन्य पदार्थ उत्पादन तथा बजारीकरणको सम्भाव्यता अधिक रहने क्षेत्रका कृषकहरुलाई विशेष प्राथमिकता सहित छनौट गरिने छ।
- उन्नत गाई/भैसी खरिद गर्दा जिल्ला बाहिर वा अन्तर पालिका व्यक्ती/फर्मबाट गर्नुपर्ने छ।
- व्यक्तीबाट खरिद गर्दा नियम अनुसार खरिद बिक्री भर्पाई तथा फर्मबाट खरिद गरिएमा फर्मको बिलको साथ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र र सिफारिस पत्रमा जात उमेर र तौल उल्लेख हुनुपर्ने।

हतुवागढी राजपत्र

- भकारो सुधारको लागि प्राविधिक र कृषकको समन्वयमा तयार भएको लगत अनुमान अनुसार तथा अन्य आवश्यक उपकरण खरिद दर्ता भएका पसलबाट गर्नुपर्ने छ।
- उन्नत गाई भैसी खरिद गर्दा कम्तीमा ३ वर्ष उमेर पुगेको र प्रजनन योग्य, जातीय गुण भएको हुनुपर्ने।
- तोकिएको खोप लगाएको हुनुपर्ने।

**(च) आर्थिक पक्षः**

- अनुदान रकम ५० प्रतिशत (अधिकतम रकम विनियोजित बजेट अनुसार) मात्र प्राप्त हुनेछ।
- पशु ढुवानीमा अधिकतम प्रति गोटा रु ५०००/- (पाँच हजार) खर्च गर्न सकिने छ।
- स्थलगत अनुगमन, प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुनेछ।
- नियम अनुसार कार्य नभएमा अनुदान रकम भुक्तानी दिन बाध्य हुनेछैन।

**४. दुध संकलन, वितरण तथा विविधिकरण व्यवसाय सञ्चालन अनुदान कार्यक्रमः**

**(छ) सहभागी मापदण्डः**

- फर्म/व्यक्ती।
- दर्ता फर्मको हकमा करचुक्ता/नविकरण भएको।
- फर्म दर्ता नगरेको हकमा एक वा सो भन्दा बढी गाई/भैसी पालन गरी रहेको कृषक।
- दुध उत्पादनका लागि ५० प्रतिशत लागत साझेदारीमा (गाई/भैसी) पशुपालन कार्यक्रममा सहभागी भएका लाभग्राहीहरु।

**(ज) सञ्चालन हुने क्षेत्रः**

- दुध उत्पादन तथा बजारीकरणको सम्भावना रहेका हतुवागढी गाउँपालिकाका क्षेत्र।

**(झ) संचालन अवधिः**

- सम्झौता बमोजिम सञ्चालन हुनेछ।

**(ञ) क्रियाकलापहरुः**

- दुध संकलन, वितरण तथा विविधिकरणसँग सम्बन्धित सामग्रीहरु जस्तै मेजरिङ्ग टुल (मिल्क क्यान, विद्युतिय मदानी, ठेकी) र अन्य आवश्यक सामग्रीहरु खरिद तथा ढुवानी।

**(ट) प्राविधिक पक्षः**

- प्रस्ताव पेश गर्दा तोकिएको अनुसूचीहरुको विवरण फारम भरी पेश गर्नुपर्ने छ।
- दुध उत्पादनका लागि ५० प्रतिशत लागत साझेदारीमा (गाई/भैसी) पशुपालन कार्यक्रममा सहभागी भएका लाभग्राहीहरुलाई विशेष प्राथमिकता र अन्य गाई/भैसी पालन गरी रहेको कृषकहरुलाई छनौट गरिने छ।
- स्वीकृत व्यवसायिक योजनानुसार आवश्यक सामग्री/उपकरणहरु खरिद गर्दा दर्ता भएका पसलबाट गर्नुपर्ने छ।

**(ठ) आर्थिक पक्षः**

- अनुदान रकम ७५ प्रतिशत (अधिकतम रकम विनियोजित बजेट अनुसार) मात्र प्राप्त हुनेछ।



हतुवागढी राजपत्र

- स्थलगत अनुगमन, प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुनेछ।
- नियम अनुसार कार्य नभएमा अनुदान रकम भुक्तानी दिन बाध्य हुनेछैन।

**५. भेडा प्रवर्द्धन कार्यक्रमः**

**(क)सहभागी मापदण्डः**

- नियम अनुसार दर्ता समुह।
- उक्त समुहमा न्युनतम ५ जना सदस्य हुनुपर्ने।
- हतुवागढी गाउँपालिकाको पैदलमार्ग वरिपरिको कृषकहरुलाई प्राथमिकता दिईनेछ।

**(ख) सञ्चालन हुने क्षेत्रः**

- भेडापालन सम्भावना रहेका हतुवागढी गाउँपालिकाका क्षेत्र।

**(ग) सञ्चालन अवधिः**

- सम्झौता बमोजिम।

**(घ) क्रीयालकलापहरुः**

- थुमा/भेडा खरिद तथा ढुवानी।

**(ङ) प्राविधिक पक्षः**

- प्रस्ताव पेश गर्दा तोकिएको अनुसूचीहरुको विवरण फारम भरी पेश गर्नुपर्ने छ।
- प्रजनन योग्य न्युनतम ८ महिना उमेरको भेडा र १० महिना उमेर पुगेको थुमा खरिद गर्नुपर्ने।
- व्यक्ती/फर्मबाट खरिद गर्न सकिने छ।
- व्यक्तीबाट खरिद गर्दा नियम अनुसार खरिद विक्री भर्पाई तथा फर्मबाट खरिद गरिएमा फर्मको बिलको साथ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र र सिफारिस पत्रमा उमेर, जात र जीवित तौल उल्लेख हुनुपर्ने।
- अङ्ग भङ्ग नभएको, स्वस्थ्य, निरोगी तथा तोकिएको खोप लगाएको हुनुपर्ने।

**(च) आर्थिक पक्षः**

- अनुदान रकम ७५ प्रतिशत (अधिकतम रकम विनियोजित बजेट अनुसार) मात्र प्राप्त हुनेछ।
- पशु ढुवानीमा अधिकतम प्रति गोटा रु ३०००/- (तीन हजार) खर्च गर्न सकिने छ।
- स्थलगत अनुगमन, प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुनेछ।

**६. मागमा आधारित कार्यक्रमः**

**(क)सहभागी मापदण्डः**

- नियम अनुसार दर्ता भई करचुक्ता/नविकरण फर्म।
- सम्बन्धित व्यवसायमा आवद्ध कृषक।

**(ख) सञ्चालन हुने क्षेत्रहरुः**

- सम्भावित हतुवागढी गाउँपालिकाका क्षेत्र।

**(ग) क्रियालापहरुः**



हतुवागढी राजपत्र

- कार्यालयबाट नियमित रुपमा सञ्चालन भईरहका कार्यक्रम बाहेकका अन्य कार्यक्रमको लागि योजना माग गर्नुपर्ने छ ।

**(घ) प्राविधिक पक्षः**

- प्रस्ताव पेश गर्दा तोकिएको अनुसूचीहरुको विवरण फारम भरी पेश गर्नुपर्ने छ ।
- नियमित सञ्चालन भईरहेका कार्यक्रम बाहेक अन्य पेश भई स्वीकृत कार्य योजना/व्यवसायिक योजना अनुसार सञ्चालन गर्न सकिने छ ।

**(ङ) आर्थिक पक्षः**

- अनुदान रकम ५० प्रतिशत (अधिकतम रकम विनियोजित बजेट अनुसार) मात्र प्राप्त हुनेछ ।
- ढुवानीमा स्वीकृत कार्य योजना बमोजिम खर्च गर्न सकिने छ ।
- स्थलगत अनुगमन, प्राविधिक मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन पश्चातमात्र अनुदान रकम भुक्तानी हुनेछ ।

## परिच्छेद-४
## विविध

८. **सम्झौताः**

१. स्वीकृत प्रस्तावका आवेदनसँग सम्बन्धित कार्यालयले अनुसूची-१० बमोजिमको द्धिपक्षिय सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

२. तोकिएको अवधि भित्र द्धिपक्षिय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ।

३. द्धिपक्षिय सम्झौतालाई कार्यक्रम सञ्चालन मुल आधार बनाईने छ ।

९. **अनुदान प्रवाहका शर्तहरुः**

१. प्रस्तावित कार्यक्रमका लागि अनुदानग्राही संस्थागत, सहकारी, सामुदायिक, निजी, व्यवसायीक फर्म वा व्यक्ती (कृषक) र समुह हुन सक्नेछन । कार्यक्रमको औचित्य, उद्देश्य तथा सञ्चालनको प्रक्रिया अनुसार अनुदानग्राही र कार्यालयले निर्धारण गरेको बमोजिम हुनेछ ।

२. विगत ३ वर्ष भित्र संघीय कृषि तथा पशुपन्छी मन्त्रालय वा मातहतका निकाय एवम् प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय वा मातहतका निकायहरु र स्थानीय तहबाट सोहि प्रकृतिको कामका लागि अनुदान प्राप्त गरेका आवेदक पुनः अनुदानका लागि योग्य मानिने छेन । तर अपुरो निर्माण कार्य वा कार्यक्रमलाई पूर्णता दिई सञ्चालनमा ल्याउन थप अनुदान आवश्यक रहेको भन्ने प्राविधिक प्रतिवेदनको आधारमा पुनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

३. साझेदारले मेशिनरी उपकरण, (सवारी साधन बाहेक) र अन्य विशिष्टकृत सामानहरु खरिद गर्दा सो को स्पेशिफिकेशन, कोटेशन र निर्मित कम्पनि फर्म आदिको विवरण सम्बन्धित कार्यालयमा पेश गरी पूर्व स्वीकृति लिई खरिद गर्नुपर्ने छ । साथै यस्तो खरिद कार्य गर्दा नियम अनुसार आधिकारिक भ्याट/पानमा दर्तावाला व्यवसायिक फर्मले जारी गरेको बिल विजक पेश नगरेको खण्डमा सम्बन्धित कार्यालयले सम्झौता बमोजिम रकम भुक्तानी दिन बाध्य हुने छैन तर जिवित वस्तु खरिद गर्दा उल्लेखित नियम बाधा पार्ने छैन ।

४. कबुलियत जग्गामा कार्यक्रम सञ्चालन हुने भएमा सम्बन्धित जग्गा धनिसँग कम्तिमा १० वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्ने छ।

५. कार्यक्रम सञ्चालन गर्न सामाजिक, वातावरणीय, प्राविधिक, वित्तिय, उद्देश्य अनुरुप र भौगोलिक रुपले समेत उपयुक्त हुनुपर्ने छ।

६. अनुदानको लागि प्रस्ताव पेश गर्ने संगठित संस्थाको हकमा नियम अनुसार सम्बन्धित निकायमा दर्ता भएको, कर चुक्ता गरेको, स्थायी लेखा नम्बर प्राप्त गरेको, नियमित लेखा परीक्षण भएको र कुनै कारवाहीमा नपरेको हुनुपर्ने छ।

७. प्रस्ताव स्वीकृत भएका आवेदकले कार्ययोजना र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा प्रचलित कानुन ऐन नियम तथा अनुसूची-७ बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिने छ।

८. कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्दा साझेदारी बजेट रु. १० हजार वा सो भन्दा बढी भएको अवस्थामा व्यवसायिक कार्ययोजना पेश गर्नुपर्ने छ।

९. प्रस्तावकले परिच्छेद-३ बमोजिम कार्यक्रम लागत साझेदारी गरेको हुनुपर्ने छ।

१०. अनुदानमा स्थापना भएको उपकरण, भौतिक संरचना र सामग्रीहरु अन्य कार्यमा प्रयोग गर्न पाईने छैन।

११. तालिम, भ्रमण, गोष्ठी, तलब, भत्ता जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन।

१०. **भुक्तानी प्रकृया:**

१. सम्बन्धित साझेदारले सुरुमा स्वयमको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरेको र सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी भौतिक निर्माणको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग बिल, मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन तथा अन्यको हकमा नियम अनुसारका कोटेशन, बिल विजक, भर्पाई एवम् फोटोग्राफ र अनुसूची-११ बमोजिमको शर्तानामा आदि कागजात संलग्न राखी भुक्तानीका लागि अनुरोध गरे पश्चात मनासिव ठहरिएमा बिल भर्पाईको सम्पन्न भएको आधारमा भुक्तानी गरिने छ।

२. स्वीकृत वार्षिक कार्यक्रम बजेटको परिधि भित्र रहि कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सीमा तोकिने छ साथै परिच्छेद-३ को कार्यक्रम र प्राविधिक पक्ष बमोजिम लागत साझेदारीमा सञ्चालन हुनेछ। अर्थात यस हतुवागढी गाउँपालिकाले प्रदान गर्ने अनुदान रकमलाई सञ्चालन लागतको परिच्छेद-३ कार्यक्रम र प्राविधिक पक्ष बमोजिम र बाँकी रकम सम्बन्धित साझेदार स्यवमले व्यहोर्नु पर्नेछ।

३. भुक्तानी रकमबाट नियम अनुसारका कर कट्टी गरी बाँकी रकम उपलब्ध गराईने छ।

४. कार्यालयले साझेदारसँग द्धिपक्षिय सम्झौता गर्दा कुन कार्यक्रम सञ्चालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो र सो रकमको भुक्तानी कसरी गरिन्छ भन्ने कुरा स्पष्ट खुलाउनु पर्नेछ।

११. **कार्यक्रम सञ्चालन सम्बन्धि जिम्मेवारी तथा दायित्व:**

१. कार्यक्रम सञ्चालनका सिलसिलामा सूचना प्रकाशन, प्रास्तव संकलन, प्रस्ताव दर्ता, स्थलगत अनुगमन मूल्याङ्कन, प्रस्ताव छनौट, कार्यक्रम सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धी जिम्मेवारी र दायित्व सम्बन्धित कार्यालयको हुनेछ।



हतुवागढी राजपत्र

२. सम्झौता अनुसार कार्य निर्धारित समय भित्र उच्च गुणस्तर कायम राखी सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ।

३. साझेदारले कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त खरिद गर्न सक्नेछ।

४. अनुदान ग्राहिले कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन नियमित रुपयमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

**१२. गुनासो व्यवस्थापनः**

१. अनुदान सम्बन्धी कुनै गुनासो भएमा सम्बन्धित कार्यालयमा निवेदन दिन सकिनेछ। त्यस्तो गुनासोको व्यवस्थापन सम्बन्धित निकायले गर्न सक्नेछ।

**१३. व्याख्या, संशोधन र बाधा अड्काउ फुकाउः**

१. यस कार्यविधिमा उल्लेख भएका विषयवस्तुका सम्बन्धमा अस्पष्टता भएमा सो को व्याख्या हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले निर्णय गरे बमोजिम हुनेछ।

२. प्रस्तावित कार्यक्रमहरुको सञ्चालनमा बाधा अड्काउ परेमा यस कार्यविधिको उद्देश्य विपरित नहुने गरी हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले बाधा अड्काउ फुकाउन र आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ।

**१४. आर्थिक प्रशासनः**

१. कार्यक्रमको लेखाङ्कन, कारोबार, लेखा परिक्षण गर्दा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ बमोजिम गरिने छ।

**१५. अनुगमन र मूल्याङ्कनः**

१. कार्यक्रम कार्यान्वयनको चरणमा रहेको अवस्था र कार्यक्रम सम्पन्न पश्चात देहाय स्थलगत अनुगमन तथा मूल्याङ्कन गर्न देहायको बमोजिमको समिति रहने छ।

**तपसिलः**

**अनुगमन समितिः**

| | |
|---|---|
| (क) पालिका उपाध्यक्ष | संयोजक |
| (ख) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ग) कृषि विकास शाखा प्रमुख | सदस्य |
| (घ) पशुपन्छी सेवा शाखा प्रमुख | सदस्य |
| (ङ) पशुपन्छी सेवा शाखा प्रमुख | सदस्य सचिव |

२. उपदफा १ बमोजिम गठित अनुगमन समितिले आवश्यकता अनुसार सम्बन्धित सरोकारवालाहरुबाट र विज्ञ र प्राविधिक टोलिहरुबाट कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्न सकिनेछ।

३. अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्तहरु पालन भए नभएको हतुवागढी गाउँपालिका पशुपन्छी सेवा शाखाले अनुगमन गर्नेछ।



हतुवागढी राजपत्र

४. अनुगमन समितिले अनुदान उपयोग सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिईएको निर्देशन पालना गर्नु सम्बन्धित साझेदारको कर्तव्य हुनेछ ।

हतुवागढी राजपत्र

## अनुसूची-१

(दफा ६ को उपदफा "३" सँग सम्बन्धीत)

**प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित सूचना मितिः....................**

हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोडटार, भोजपुरको आ.व. २०....../.......... को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम देहायका कार्यक्रम सञ्चालनगर्न ईच्छुक कृषक/समुह/कृषि सहकारी/फर्म तथा उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० औँ दिन भित्र कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम | योग्य आवेदक | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**<u>संलग्न हुनुपर्ने कागजातहरुः</u>**

१. अनुसूची-३ बमोजिम रु.१० को हुलाक टिकट टाँस गरेको आवेदन थान-१

२. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,

३. तोकिए बमोजिमका अनुसूचीहरु ३,५,६,७,८

४. जग्गा धनिपुर्जाको प्रतिलिपि,

५. कबुलियतमा लिएको जग्गाको हकमा कम्तीमा १० वर्षसम्मको सम्झौता गरेको हुनुपर्ने र उक्त सम्झौता पत्रको प्रतिलिपि,

६. व्यवसाय दर्ता पान भ्याट प्रमाण पत्रको प्रतिलिपि,

७. समुह दर्ता प्रमाण प्रतिलिपि,

८. दर्ता भएका समुह/फर्म नवीकरण र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,

९. समुह/समिति/सहकारीकव हरकमा कार्य समितिको निर्णयको प्रतिलिपि,

१०. करचुक्ता प्रमाण पत्रको प्रतिलिपि

११. वडा कार्यालयको सिफारिस पत्र,

१२. कार्यक्रमको प्रकृति अनुसार थप कागजात आश्यक परेमा उल्लेख गर्न सकिनेछ।

हतुवागढी राजपत्र

## अनुसूची-२

(दफा ६ को उपदफा "४" सँग सम्बन्धीत)

**मागमा आधारित अनुदान कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित सूचना मितिः....................**

हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोडटार, भोजपुरको आ.व. २०....../.......... को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम देहायका मागमा आधारित कार्यक्रमका लागि तपसिल शिर्षकमा रहेर कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक/समुह/कृषि सहकारी/फर्म तथा उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन भित्र कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.सं. | योजनाको नाम | संख्या | अधिकतम साझेदारी रकम | योग्य आवेदक | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**संलग्न हुनुपर्ने कागजातहरुः**

१३. अनुसूची-४ बमोजिम रु.१० को हुलाक टिकट टाँस गरेको आवेदन थान-१

१४. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,

१५. तोकिए बमोजिमका अनुसूचीहरु ४,५,६,७,८

१६. जग्गा धनिपुर्जाको प्रतिलिपि,

१७. जग्गा भाडामा लिई व्यवसाय गर्नेको हकमा कम्तीमा ५ वर्षको लागि करार गरिएको सम्झौता पत्रको प्रतिलिपि,

१८. व्यवसाय दर्ता पान भ्याट प्रमाण पत्रको प्रतिलिपि,

१९. समुह दर्ता प्रमाण प्रतिलिपि,

२०. दर्ता भएका समुह/फर्म नवीकरण र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,

२१. समुह/समिति/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि,

२२. करचुक्ता प्रमाण पत्रको प्रतिलिपि

२३. वडा कार्यालयको सिफारिस पत्र,

२४. कार्यक्रमको प्रकृति अनुसार थप कागजात आश्यक परेमा उल्लेख गर्न सकिनेछ।

हतुवागढी राजपत्र

| रु. १० को हुलाक टिकट |
|---|

**अनुसूची-३**

(दफा ६ को उपदफा "४" सँग सम्बन्धीत)

**निवेदनको ढाँचा**

मितिः...................................

विषयः प्रस्ताव पेश गरिएको बारे ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
हतुवागढी गाउँपालिका, घोडेटार, भोजपुर ।

हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार, भोजपुरले मितिः.......................... मा प्रकाशन गरेको सूचना अनुसार म/हामी ............................... ........... ......... ............ ......... ............समुह/फर्मले देहायको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक भएकोले आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेका छौँ वा छु ।

तपसिलः
कार्यक्रमको नामः
कार्यक्रम संचालन हुने स्थानः
संलग्न कागजातहरुको सूचीः

| क.सं. | संलग्न कागजातहरुको विवरण | ईकाई | संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

दस्तखत

निवेदक

नामः
पदः
ठेगानाः
सम्पर्क नं.
छापः



हतुवागढी राजपत्र

| |
|---|
| रु. १० को हुलाक टिकट |

**अनुसूची-४**

(दफा ६ को उपदफा "४" सँग सम्बन्धीत)

**माग आधारित अनुदान कार्यक्रमका लागि निवेदन तथा प्रस्ताव पत्रको ढाँचा**

**मितिः...........................**

विषयः माग आधारित अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
हतुवागढी गाउँपालिका, घोडेटार, भोजपुर।

प्रस्तुत विषयमा हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार, भोजपुरले मितिः... ...... ......... मा प्रकाशन गरेको सूचना अनुसार मागमा आधारित अनुदान कार्यक्रम सहभागी हुन योग्यता पुगेकोले म/हामी .............. . ...... ......... ................................... कृषक/समुह/फर्मले देहायको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक भएकोले आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेका छौँ वा छु।

<u>तपसिलः</u>

कार्यक्रमः

कार्यक्रम संचालन हुने स्थानः

| क्र.सं. | शिर्षक (लगानी क्षेत्र) |
|---|---|
| | |

संलग्न कागजातहरुको सूचीः

| क.सं. | संलग्न कागजातहरुको विवरण | ईकाई | संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

निवेदक

नामः

पदः

ठेगानाः

सम्पर्क नं.

छापः

हतुवागढी राजपत्र

**अनुसूची-५**

(दफा ६ को उपदफा "४" सँग सम्बन्धीत)

**कार्यक्रमसँग सम्बन्धित भौतिक (जिवित/निर्जिव) मौजुदा विवरण तथा उत्पादन सामग्रीको तथ्याङ्क**

**(क) भौतिक सामग्रीहरुको मौजुदा विवरणः**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**(ख) उत्पादन विवरणः**

| क्र.सं. | विवरण | समय | परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**फाराममा विवरण उल्लेख गर्दा देहाय अनुसार विवरण पेश गर्नेः**

**भौतिक समाग्री विवरणः** मौजुदा रहेको गोठ/खोर, मेशिनरी सामग्री तथा पशुपन्छी मत्स्य संख्या र घाँस खेती गरिएको क्षेत्र।

**उत्पादन विवरणः** १ वर्ष/मासिक/दैनिक उत्पादन विवरण तथा विक्रि गरिएको तथ्याङ्क।

दस्तखत

निवेदक

नामः

पदः

ठेगानाः

छापः

हतुवागढी राजपत्र

**अनुसूची-६**

(दफा ६ को उपदफा "४" सँग सम्बन्धीत)

**व्यवसायिक योजना**

**(१) संक्षिप्त विवरणः**

| | | |
|---|---|---|
| १. | आवेदकको नाम | |
| २. | ठेगाना | |
| ३. | सम्पर्क नं. | |
| ४. | कषक/समुह/संस्था/फर्मको नाम | |
| ५. | प्रस्तावित कार्यक्रमको नाम | |
| ६. | कार्यक्रम संचालन हुने ठेगाना | |

**(२) अनुभव र अन्य विवरण**

| | |
|---|---|
| विगतमा सम्पन्न गरेको कार्य अनुभव तथा तालिमको संक्षिप्त विवरण | |
| विद्यमान वित्तिय क्षमता, जनशक्ती र भौतिक श्रोत साधनको विवरण | |

**(३) कार्यक्रम संचालन सम्बन्धि समस्या, औचित्य उदेश्य तथा लाभान्वित घर परिवार संख्या**

| | |
|---|---|
| संस्था/उद्यमीले भोगेको वा अनुभुत गरेको व्यवसायगत समस्या | |
| प्रस्ताव किन र के कामको लागि पेश गरिएको हो ? | |

हतुवागढी राजपत्र

| | |
|---|---|
| | |
| कार्यक्रममा लैङ्गिक समावेशिता | |
| लाभान्वित घर परिवार संख्या र रोजगारी सृजना | |

(४) **कार्यक्रम सञ्चालन प्रक्रिया**

(प्रस्तावको भूमिका ,नविनतम प्रविधिको प्रयोग तथा प्रतिफलको अवधारणा सहित खुलेको कार्यक्रम संचालन विधि उल्लेख गर्ने)

(क)

(ख)

(ग)

(घ)

(५) **कार्यक्रमबाट हाँसिल हुने उपलब्धिहरु**

| | |
|---|---|
| क्षेत्रफल वृद्धिको परिमाण | |
| वार्षिक उत्पादन वृद्धी परिमाण | |
| लाभान्वित वर्गको रोजगारीको अवस्था तथा जिवनस्तरमा आउने सुधार | |
| कार्यक्रम संचालनबाट समुदायमाम पर्ने सकारात्मक प्रभावहरु | |

हटुवागढी राजपत्र

| | |
|---|---|
| कार्यक्रम संचालनबाट पर्ने सक्ने वातावरणिय प्रभावहरु | |

**(६) बजार प्रतिस्पर्धा रणनिति बारे उल्लेख गर्नुहोस (उत्पादन सामग्री खरिद तथा विक्रि योजना सहित)**

(क)

(ख)

(ग)

**(७) आर्थिक प्रस्ताव**

(कार्यक्रम क्रियालाप, लगत अनुमान तथा लागत साझेदारीको बिस्तृत विवरण)

| क्र.स. | मुख्य क्रियाकलापहरु | ईकाई | परिमाण | दर | कुल लागत | प्रस्तावक साझेदारी | पालिका अनुदान | प्रस्तावकले व्होर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

**माथि उल्लेखित विवरणहरु ठिक साचो छ, झुठो ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।**

निवेदक

नामः

पदः

ठेगानाः

छापः

हतुवागढी गाउँपालिका

**अनुसूची-७**

(दफा ६ को उपदफा "४" सँग सम्बन्धीत)

**स्व-घोषणा पत्र ।**

हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार, भोजपुरको आ.व. २०........./.......... को मिति ..................................... गते प्रकाशन गरेको सूचना अनुसार हतुवागढी गाउँपालिका वडा नं. ……........... ...............गाउँ/टोल स्थायी ठेगाना भएको श्री.............................................ले लागत साझेदारीमा .....................................................................कार्यक्रम सञ्चालनका लागि पेश गरेको व्यवसाय/योजनासँग मिल्दोजुल्दो वा सोही प्रकृतिको कार्यका लागि विगत ३ वर्ष भित्र संघीय सरकार प्रदेश सरकारका मातहतका मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रबाट अनुदान नलिएको स्व-घोषणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरिएमा सम्झौदा रद्द लगायत कानुन बमोजिम अन्य सजाय भोग्न समेत तयार छु ।

| दाँया | बाँया |
|---|---|
| | |

निवेदक

नामः

पदः

ठेगानाः

मितिः

छापः

हतुवागढी राजपत्र

**अनुसूची-८**

(दफा ६ को उपदफा "४" सँग सम्बन्धीत)

**वडा कार्यालयको सिफारिस पत्र ढाँचा**

मिति………………………..

श्री……………………

……………………………..

प्रस्तुत विषयमा हतुवागढी गँउपालिकाको कार्यालय, घोडेटार, भोजपुरको मिति…………………….. गते प्रकाशित सूचना अनुसार यस वडा अन्तर्गत ………..……गाउँ/टोलमा रहेको श्री ……………………………… ………………………… कृषक/फर्म/समुह समुहका पदाधिकारीले लागत साझेदारी कार्यक्रम अन्तर्गत ……………………………………………………………………… कार्यक्रम सञ्चालनका लागि सिफारिस पाउँ भनि यस कार्यालयकमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवश्यक जाँचबुझ गर्दा पेश गरेका विवरणहरु सहि रहेको र सोही प्रकृतिको कार्यमा विगत ३ वर्ष भित्र कुनै अनुदान लिएको देखिएको नआएकाले निवेदकको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरि दिनुहुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्ने सम्बन्धित वडाको वडा अध्यक्ष

नामः

पदः वडा अध्यक्ष

हतुवागढी राजपत्र

## अनुसूची-९

(दफा ५ को उपदफा २ को (ख) सँग सम्बन्धीत)

**स्थलगत प्रमाणिकरणर/मूल्याङ्कन चेक लिष्ट**

**१. सामन्य जानकारी**

(क) जिल्लाः (ख) आवेदकको नामः

(ग) स्थायी ठेगानाः (घ) प्रस्तावित कार्यक्रमको नामः

(ङ) प्रस्तावित कार्यक्रम सञ्चालन हुने स्थानः

(च) मितिः

**२. आवेदक मूल्याङ्कन**

| क्र.सं | मूल्याङ्कन सूचकहरु | भए/नभएको | भार | प्राप्ताङ्क |
|---|---|---|---|---|
| **(क)** | **भौतिक पूर्वधार तथा कार्यक्रमसँग सम्बन्धित** | | **२०** | |
| | जग्गा आवेदकको स्वामित्वको | | ५ | |
| | प्रास्तावित कार्यक्रम सञ्चालनका लागि सहयोग पुग्ने अन्य कार्यहरु गर्न प्रयाप्त जग्गा | | १० | |
| | प्राकृतिक प्रकोपबाट क्षति नपुग्ने अवस्था | | २.५ | |
| | कार्यक्रम सञ्चालन स्थलमा बाटो, पानी, बिजुलीको सुविधा | | २.५ | |
| **(ख)** | **प्राविधिक क्षमता** | | **१५** | |
| | प्रस्तावित कार्यक्रमहरुलाई सहयोग पुग्ने अन्य कार्यहरु | | २.५ | |
| | समान प्रकृतिका कार्यहरु नियमित रुपमा | | १० | |
| | सम्बन्धित विषयमा तालिम अनुभव | | २.५ | |
| **(ग)** | **वित्तिय क्षमता** | | **१५** | |
| | आफ्नै | | १० | |
| | ऋण/सापटी | | ५ | |
| **(घ)** | **वातावरणीय उपयुक्तता** | | **१०** | |
| | प्रस्तावित कार्यक्रम सञ्चालन गर्दा स्थानीय बासिन्दाबाट विरोध हुने अवस्था | | ५ | |
| | प्रस्तावित कार्यक्रमले वातवरणमा नकारात्मक असर पुग्ने अवस्था | | ५ | |
| **(ङ)** | **अन्य पक्षहरु** | | **४०** | |
| | व्यवसायमा क्रियाशिलता | | १० | |
| | व्यवसाय दर्ता, नविकरण, करचुक्ता | | ५ | |

| | | | | |
|---|---|---|---|---|
| | उत्पादित वस्तुको सहज बजारीकरण हुन सक्ने अवस्था | | १० | |
| | प्रस्तावमा उल्लेखित कुरा र स्थलगत अवस्था बिच समानता | | ५ | |
| | व्यवसायिक योजना र उद्दश्य अनुरुप प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त | | १० | |
| | जम्मा | | १०० | |

नोटःस्थलगत प्रमाणिकरण गर्न जाँदा सकारात्मक अवस्था भेटिए भएको पुर्ण अङ्क नकारात्मक अवस्था भेटिए सोही अनुसार अङ्क प्रदान गर्ने सोही अनुसार प्रस्तावहरुको प्राथमीकिरण गरिने छ ।

**३. प्रस्तावित निर्णय**

अघि बढाउने ☐ अघि नबढाउने ☐

यदि अघि नबढाउने अवस्थामा कारण

| |
|---|
| |

**४. स्थलगत मूल्याङ्कन समिति**

| क.सं. | स्थलगत मूल्याङ्कन गर्ने पदाधिकारीको नाम | दस्तखत | राय |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

आवेदको तर्फबाट

दस्तखतः

नामः

छापः

हतुवागढी राजपत्र

**अनुसूची-१०**

(दफा ८ को उपदफा "१" सँग सम्बन्धीत)

**सम्झौता-पत्र।**

मिति…………………………..

हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार, भोजपुरको आ.व. २०……/…..को वार्षिक स्वीकृत कार्यक्रम अनुसार …………………………………...........कार्यक्रम अन्तर्गत ………… … … …………………… …… ………… ……………………….…. कार्यक्रम सञ्चालन गर्न हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिने) र श्री …… …… ..… …… ……… ………….. (यसपछि दोश्रो पक्ष भनिने) का बीच देहाय बमोजिमका शर्तहरु परिपालन गर्ने गरी मन्जुर भई द्धिपक्षिय सम्झौता गरिदियौँ/लियौँ।

**सम्झौताका शर्तहरुः**

**१.** दोश्रो पक्षले प्रथम पक्षबाट स्वीकृत व्यवसाय योजना अनुसारका तपसिल बमोजिमका कार्यहरु सम्पन्न गर्नु पर्नेछ ।

| क्र.सं. | क्रियाकलाप विवरण | कुल लागत | प्रथम पक्षले व्यहोर्ने रु. | दोश्रो पक्षले व्यहोर्ने रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | जम्मा | | | |
| अक्षरुपी | | | | |

२. उल्लेखित कार्य सम्झौता भएको मिति देखि……….. दिन भित्र सम्पादन गरी सक्नुपर्ने छ।

३. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईने रकमबाट खरिद गरी तथा स्थापना गरिएको सामग्रीहरुको आवश्यक मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ। निर्माणको हकमा विस्तृत डिजाईन तथा ईष्टिमेट यसै सम्झौतामा समावेश भए बमोजिम गर्नुपर्ने छ।

४. प्रथम पक्षले कुनैपनि बखत सञ्चालित कार्यको अनुगमन निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

५. दोश्रो पक्षले प्रथम पक्षको परामर्श र सहमती अनुसार कार्यक्रम सम्पन्न भएपछि प्रथम पक्षबाट स्थलगत अनुगमन जाँचपास गराई फर-फारक लिनुपर्ने छ।

६. उल्लेखित कार्य सम्पन्न गरेवापत प्रथम पक्षबाट दोश्रो पक्षलाई बिल, भर्पाई र प्राविधिकको मूल्यांकनको आधारमा नियम अनुसार अनुदान रकम उपलब्ध हुनेछ।

७. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति बमोजिम हुनेछ।

८. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्तावित योजना मुताविकको कामहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गरी समयमा बिल/भर्पाई पेश नगरी म्याद अवधि गुजारेमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन।

| प्रथम पक्ष | साँक्षी | दोश्रो पक्ष |
|---|---|---|
| दस्तखतः<br>नामः<br>पदः प्रमुख प्रशासकीय अधिकृत | दस्तखतः<br>नामः<br>पदः | दस्तखतः<br>नामः<br>फर्म/समुह/संस्थाको नामः |



हतुवागढी राजपत्र

| | | |
|---|---|---|
| कार्यालयः हतुवागढी गाउँपालिकाको कार्यालय<br>छापः | दस्तखतः<br>नामः<br>पदः | छापः |

इति सम्वत……………………..साल…………………..महिना………गते………रोज शुभम् ।

हतुवागढी राजपत्र

**अनुसूची-११**

(दफा १० को उपदफा "१" सँग सम्बन्धीत)

**शर्तनामा**

हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार, भोजपुरको आ.व. २०…/….. को मिति ………………………….. गते प्रकाशित सूचना अनुसार हतुवागढी गाउँपालिका वडा नं. …………….. गाउँ/टोलमा रहेको श्री………………………………………………..कृषक/समुह/फर्म संचालक म …………… …………… …… ले ………………………………………………………... कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई व्यवसायिक योजना अनुसार कार्य सम्पन्न गर्नेछु । साझेदारी कार्यक्रममा खरिद गरिएको जिन्सी सामग्रीहरु (जिवित विउ/प्रजननको लागि प्रयोग गरिने भेडा/बोका//राँगा/बिर/साँढे ३ वर्ष, जिवित प्रजनन तथा पशुजन्य पदार्थ उत्पादनको लागि प्रयोग गरिने गाई/भैसी/बाख्रा/थुमा/सुँगुरबंगुर ५ वर्ष र अन्य खरिद गरिएका उपकरणहरु ५ वर्ष सम्म) मेरो आफु खुसी बेचबिखन/विक्री वितरण गर्ने छैन । काम नलाग्ने अथवा अनुत्पादक भई बेच्नु परेमा सम्बन्धित निकायबाट अनुगमन गराई नियम अनुसार श्रोत भर्ना गरे पश्चात मात्र बेचबिखन/बिक्रीवितरण गर्नेछु । सो अनुसार नगरेमा मेरो नाममा रहेको चल अचल सम्पत्तीबाट सोही बराबरको रकम असुल उपर गर्न मन्जुर भई यो शर्तनामा सहिछाप गरिदियौँ/लियौँ ।

| दाँया | बाँया |
|---|---|
| | |

अनुदानग्राहीको नाम,थरः-

हस्ताक्षरः-

साक्षीहरुः-

| नाम | | ठेगाना | हस्ताक्षर | औठाँछाप | |
|---|---|---|---|---|---|
| | | | | दाँया | बाँया |
| उक्त जग्गाको पुर्व तर्फको सधिँयारको | | | | | |
| उक्त जग्गाको पश्चिम तर्फको सधिँयारको | | | | | |
| उक्त जग्गाको उत्तर तर्फको सधिँयारको | | | | | |
| उक्त जग्गाको दक्षिण तर्फको सधिँयारको | | | | | |

सम्बन्धित वडाका वडाध्यक्ष श्री ..............................

ईति संवत २०..... साल .............. महिना ............गते........... रोज शुभम ।

हतुवागढी राजपत्र

आज्ञाले:

महेश निरौला

प्रमुख प्रशासकीय अधिकृत

हतुवागढी राजपत्र